# महालक्ष्मी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
जितपुर, धनकुटा

प्रदेश नं. १, नेपाल


पत्र संख्याः- ०७८/०७९
चलानी नं. —

मितिः- २०७८।१०।१०

विषयः सूचि सार्वजनिक गर्ने सम्वन्धमा ।

श्री वडा कार्यालयहरु (सवै)
महालक्ष्मी नगरपालिका, धनकुटा ।

प्रस्तुत सम्वन्धमा भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयले गरिब परिवार पहिचान तथा परिचय पत्र वितरण कार्यक्रम अन्तर्गत यस नगरपालिका क्षेत्रभित्रका गरिब परिवारको रुपमा सूचिकृत भएका गरिब परिवारको प्रारम्भिक सूचि पाना — ९ (नौ) यसै पत्रसाथ सम्लग्न पठाईएको व्यहोरा अनुरोध छ । सो सूचि सवै मेयर टोल सुधार संस्था, वडा अन्तर्गतका विद्यालयहरु, स्वास्थ्य संस्थाहरु, स्थानीयवासी जमघट हुने चोक, पसल साथै सार्वजनिक स्थलहरुमा टाँस गरी सार्वजनिक गर्नुहुन मन्त्रालयको आदेशानुसार अनुरोध छ ।

..............................
खगेन्द्र नेपाल
नि.प्रमुख प्रशासकीय अधिकृत
नि० प्रमुख प्रशासकीय अधिकृत


फोन नं. ०२६-६९९६८६,७०० प्रमुख ९८५२०७०९२३ उप-प्रमुख ९८५२०७०९२४ प्रमुख प्रशासकीय अधिकृत ९८५२०७०९२९
सूचना अधिकारी ९८५२०७०९२६ Email: mahalaxmimunjitpur@gmail.com Web.http:// www.mahalaxmimundhankuta.gov.np

नेपाल सरकार

# भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय

## प्रशासन, सहकारी तथा गरिबी निवारण महाशाखा

(गरिब पहिचान तथा मापदण्ड शाखा)

पत्र संख्या : ग.प. २०७८।०७९
च.नं. : ७८१

मितिः २०७८।०९।२१

विषय : गरिब परिवारको प्रारम्भिक सुचि पठाइएको वारे ।

श्री स्थानीय तहहरु (उल्लेखित २३ जिल्लाका सबै),
ताप्लेजुङ्ग, पाँचथर, धनकुटा, संखुवासभा, सोलुखुम्बु, उदयपुर, महोत्तरी, रसुवा, काभ्रेपलान्चोक, धादिङ्ग, मकवानपुर, लम्जुङ्ग, स्याङ्जा, पाल्पा, म्याग्दी, दाङ्ग, बाँके, सुर्खेत, सल्यान, दैलेख, डडेलधुरा, डोटी र दार्चुला।

उपरोक्त सम्बन्धमा यस मन्त्रालयद्धारा संचालन गरिएको गरिब परिवार पहिचान तथा परिचय पत्र वितरण कार्यक्रम अन्तर्गत तहाँ स्थानीय तहबाट प्राप्त तथ्यांक विश्लेषण गरी गरिब परिवारको रुपमा सूचिकृत भएका गरिब परिवारको प्रारम्भिक सूचि (PDF File) तथा सम्पूर्ण परिवारको सूचि (Excel file) दुवै यसैसाथ पठाइएको छ । यस मन्त्रालयको च.नं. ६७५, मिति २०७८/०८/२८ को पत्रबाट अनुरोध भए बमोजिम तहाँबाट नियुक्ती गरिएका गुनासो सुनुवाई अधिकारीलाइ यथासिघ्र अभिमुखिकरण कार्यक्रम समेत संचालन गरिने भएकोले तहाँबाट नियुक्त गुनासो सुनुवाई अधिकारीको नाम तथा सम्पर्क नं. (इमेल समेत) उपलब्ध गराइ दिनुहुन तथा अभिमुखिकरण कार्यक्रम सम्पन्न हुनासाथ उक्त प्रारम्भिक सूचि (PDF File) गुनासो सुनुवाइ मार्गदर्शन, २०७८ बमोजिम सार्वजनिक गरि गुनासो सुनुवाई कार्य सम्पन्न गर्नुहुन मिति २०७८/०८/२६ को निर्णयानुसार अनुरोध छ । साथै यसै पत्रसाथ तहाँ पठाइएको प्रारम्भिक सूचिको सम्बन्धमा देहाय बमोजिम गर्नु गराउनु हुन अनुरोध छ ।

१. गुनासो सुनुवाई अधिकारीको अभिमुखिकरण तालीम सम्पन्न हुनासाथ गरिव परिवारको प्रारम्भिक सूचि (PDF File) मात्र स्थानीय तहमा गुनासो सुनुवाई मार्गदर्शन २०७८ बमोजिम सार्वजनिक गरी गुनासो सुनुवाई प्रक्रिया अगाडी बढाउने ।
२. सम्पूर्ण परिवारको सूचि (Excel file) तहाँको जानकारीका लागि मात्र पठाइएकोले उक्त सूचि सार्वजनिक नगर्ने ।

(झविन्द्र प्रसाद पाण्डेय)
उप-सचिव (तथ्याङ्क)